दरखास्त दिन सकिने न्यूनतम ऋणपत्रः २५ कित्ता
दरखास्त दिन सकिने अधिकतम ऋणपत्रः ५,००,००० कित्ता

दरखास्तसाथ एकमुष्ठ रु. १,०००/- प्रति
ऋणपत्रका दरले भुक्तानी माग गरिएको

१० वर्ष अवधि तथा वार्षिक ८.५० प्रतिशत व्याजदर भएको "८.५०% माछापुच्छ्रे डिबेन्चर २०८७"

Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड
सबल, उत्कृष्ट एवं विस्तारित
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गका इजाजतपत्र प्राप्त संस्था)
रजिष्टर्ड/केन्द्रीय कार्यालय, एमबिएल टावर, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०५५५, फ्याक्स नं. ०१-४४२५३५६
इमेलः machbank@mbl.com.np, वेवसाइटः www.machbank.com

आव्हान पत्र

यो विवरण-पत्र नभई केवल आव्हान -पत्र मात्र हो।

ऋणपत्रको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला मिति	: २०७८/०३/३१ गते
निष्काशन बन्द हुने मिति (छिटोमा)	: २०७८/०४/०४ गते बैंकिङ्ग समय पश्चात्
निष्काशन बन्द हुने मिति (ढिलोमा)	: २०७८/०४/१७ गते बैंकिङ्ग समय पश्चात्

क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण

यस बैंकलाई ICRA Nepal Limited ले Low Credit Risk जनाउने "ICRANP -IR] A-@ " (pronounced ICRA NP Issuer Rating Single A Minus @ ग्रेडिङ्ग मिति २०७७/०३/३१ मा प्रदान गरेको छ। उक्त क्रेडिट रेटिङ्ग प्राप्त गर्ने संस्थालाई समयमानै वित्तीय दायित्व पूरा गर्ने तथा कर्जा जोखिम न्यून भएको संस्थाको रुपमा लिईन्छ। उक्त रेटिङ्गको समयावधि रेटिङ्ग प्रदान गरिएको मितिबाट १२ महिनासम्म कायम रहनेछ।

श्री नेपाल धितोपत्र बोर्डद्वारा स्वीकृत मिति २०७८/०३/१६ श्री नेपाल राष्ट्र बैंकमा दर्ता मिति २०७८/०३/१७ तथा श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मिति २०७८/०३/२१

दश वर्ष अवधि तथा वार्षिक ८.५ प्रतिशत व्याजदर भएको प्रति डिबेन्चर रु. १,०००/- अंकित मूल्यका ३०,००,००० (तीस लाख) कित्ता डिबेन्चरले हुन आउने कुल रु. ३ अर्ब मध्ये १२ लाख कित्ता डिबेन्चर अर्थात कुल रु. १ अर्ब २० करोड ऋणपूँजी रकम (५% अर्थात ६०,००० कित्ता सामूहिक लगानी कोषका लागि छुट्याईएको) सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशनबाट बिक्री गरिने तथा १८ लाख कित्ता डिबेन्चरले हुन आउने कुल रु. १ अर्ब ८० करोड ऋणपूँजी रकम विभिन्न व्यक्ति तथा संघ संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने।

१. संस्थाको नाम : **माछापुच्छ्रे बैंक लिमिटेड (Machhapuchchhre Bank Limited)** ।

२. संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :
कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत स्थापित।

३. संस्थाको रजिष्टर्ड ठेगाना :
यस कम्पनीको केन्द्रिय कार्यालय काठमाडौं जिल्ला, काठमाडौ. महानगरपालिका वडा नं. २, लाजिम्पाट स्थित एमबिएल टावर रहेको छ।

४. कारोवार गर्ने मुख्य स्थान :
हाल यस बैंकको कारोबार गर्ने मुख्य स्थान काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २, लाजिम्पाट स्थित एमबिएल टावरमा रहेको छ। यस बैंकको ७ वटै प्रदेशमा प्रादेशिक कार्यालयहरुका अतिरिक्त देशभर देहाय बमोजिम विभिन्न स्थानहरुमा गरी जम्मा १६० शाखा कार्यालयहरु रहेका छन्। नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैंकले आवश्यकता अनुसार शाखा तथा अन्य कार्यालयहरु स्थापना गरी आफ्नो कारोबार सञ्चालन गर्न सक्नेछ।

सि.नं.	शाखा कार्यालय, ठेगाना र प्रदेश नं.	सि.नं.	शाखा कार्यालय, ठेगाना र प्रदेश नं.
	प्रदेश नं १	२८	टिमुरे शाखा, गोसाइकुण्ड गाउँपालिका-२, रसुवा
१	विराटचोक शाखा, सुन्दरहरैंचा नगरपालिका-९, मोरंग	२९	पर्सा शाखा, खैरहनी नगरपालिका-८, चितवन
२	फिदिम शाखा, फिदिम नगरपालिका-१, पाँचथर	३०	बेनीघाट शाखा, बेनीघाट रोरङ गाउँपालिका-५, धादिङ
३	विराटनगर शाखा, विराटनगर महानगरपालिका-८, मोरंग	३१	महाराजगंज शाखा, काठमाडौं महानगरपालिका-३, काठमाडौं
४	इलाम शाखा, इलाम नगरपालिका-७, इलाम	३२	बत्तीसपुतली शाखा, काठमाडौं महानगरपालिका-९, काठमाडौं
५	इटहरी शाखा, इटहरी उपमहानगरपालिका-१, सुनसरी	३३	बुढानिलकण्ठ शाखा, बुढानिलकण्ठ नगरपालिका-४, काठमाडौं
६	बिर्तामोड शाखा, बिर्तामोड नगरपालिका-४, झापा	३४	सतुंगल शाखा, चन्द्रागिरी नगरपालिका-११, काठमाडौं
७	धनकुटा शाखा, धनकुटा नगरपालिका-७, धनकुटा	३५	हाकिम चोक शाखा, भरतपुर नगरपालिका-१०, चितवन
८	हिले शाखा, धनकुटा नगरपालिका-१, धनकुटा	३६	कलंकी शाखा, काठमाडौं महानगरपालिका-१४, काठमाडौं
९	दमक शाखा, दमक नगरपालिका-५, झापा	३७	कपन शाखा, बुढानिलकण्ठ नगरपालिका-१०, काठमाडौं
१०	हलेसी शाखा, हलेसी तुवाचुङ नगरपालिका-७, खोटाङ	३८	कीर्तिपुर शाखा, कीर्तिपुर नगरपालिका-९, काठमाडौं
११	बाह्रदशी शाखा, बाह्रदशी गाउँपालिका-३, झापा	३९	खुसिबुँ शाखा, काठमाडौं महानगरपालिका-६, काठमाडौं
१२	जहादा शाखा, हादा गाउँपालिका-५, मोरंग	४०	नगरकोट शाखा, चाँगुनारायण नगरपालिका-६, भक्तपुर
१३	धरान शाखा, धरान उपमहानगरपालिका-१२, सुनसरी	४१	ठमेल शाखा, काठमाडौं महानगरपालिका-२६, काठमाडौं
१४	भोजपुर शाखा, भोजपुर नगरपालिका-७, भोजपुर	४२	सल्यानटार शाखा, त्रिपुरासुन्दरी गाउँपालिका-१, धादिङ
१५	ट्याम्के मैयुम शाखा, ट्याम्के मैयुम गाउँपालिका-३, भोजपुर	४३	डल्लु शाखा, काठमाडौं महानगरपालिका-१५, काठमाडौं
१६	कटारी शाखा, टारी नगरपालिका-३, उदयपुर	४४	सूर्यबिनायक शाखा, सूर्यबिनायक नगरपालिका-६, भक्तपुर
१७	सुनकोशी शाखा, सुनकोशी गाउँपालिका-५, ओखलढुङ्गा	४५	तातोपानी शाखा, भोटेकोशी गाउँपालिका-४, सिन्धुपाल्चोक
१८	टंकिसिंवारी शाखा, बुढीगंगा गाउँपालिका-२, मोरंग	४६	पुल्चोक शाखा, ललितपुर महानगरपालिका-३, ललितपुर
१९	चन्द्रगढी शाखा, भद्रपुर नगरपालिका-१०, झापा	४७	दरबारमार्ग शाखा, काठमाडौं महानगरपालिका-१, काठमाडौं
२०	इनरुवा शाखा, इनरुवा नगरपालिका-१, सुनसरी	४८	बालाजु शाखा, काठमाडौं महानगरपालिका-१६, काठमाडौं
२१	चक्रघटी शाखा, बराहा नगरपालिका-६, सुनसरी	४९	कौशलटार शाखा, मध्यपुर ठिमी नगरपालिका-३, भक्तपुर
२२	काकडभित्ता शाखा, मेचीनगर नगरपालिका-१०, झापा	५०	सातदोबाटो शाखा, ललितपुर महानगरपालिका-१५, ललितपुर
२३	ताप्लेजुङ्ग शाखा, फुङलिङ नगरपालिका-६, ताप्लेजुङ्ग		**गण्डकी प्रदेश**
२४	उर्लाबारी शाखा, उर्लाबारी नगरपालिका-७, मोरंग	१	नयाँबजार पोखरा शाखा, पोखरा लेखनाथ महानगरपालिका-९, कास्की
२५	गाईघाट शाखा, त्रियुगा नगरपालिका-११, उदयपुर	२	न्यूरोड पोखरा शाखा, पोखरा लेखनाथ महानगरपालिका-९, कास्की
२६	सुरुङ्गा शाखा, कन्काई नगरपालिका-३, झापा	३	लेकसाईड शाखा, पोखरा लेखनाथ महानगरपालिका-६, कास्की
२७	कन्चनबारी शाखा, विराटनगर महानगरपालिका-३, मोरंग	४	जोमसोम शाखा, घरपझोङ गाउँपालिका-३, मुस्ताङ
२८	सल्लेरी शाखा, सोलुदुधकुण्ड नगरपालिका-५, सोलुखुम्बु	५	दमौली शाखा, व्यास नगरपालिका-३, तनहुँ
२९	ओखलढुंगा शाखा, सिद्धिचरण नगरपालिका-१२, ओखलढुंगा	६	लेखनाथ शाखा, पोखरा लेखनाथ महानगरपालिका-२६, कास्की
	प्रदेश नं २	७	अमर सिंह चोक शाखा, पोखरा लेखनाथ महानगरपालिका-१०, कास्की
१	वीरगन्ज शाखा, वीरगन्ज महानगरपालिका-८, पर्सा	८	बाग्लुङ शाखा, बाग्लुङ नगरपालिका-३, बाग्लुङ
२	राजबिराज शाखा, राजबिराज नगरपालिका-४, सप्तरी	९	पुतलीबजार शाखा, पुतलीबजार नगरपालिका-१, स्याङ्जा
३	मिरचैया शाखा, मिरचैया नगरपालिका-६, सिराहा	१०	दुलेगौडा शाखा, शुक्लगण्डकी नगरपालिका-४, तनहुँ
४	जनकपुर शाखा, जनकपुर उपमहानगरपालिका-३, धनुषा	११	बेनी शाखा, बेनी नगरपालिका-८, म्याग्दी
५	सखुवा महेन्द्रनगर शाखा, छिरेश्वरनाथ नगरपालिका-५, धनुषा	१२	आँबु खैरेनी शाखा, आँबु खैरेनी गाउँपालिका-३, तनहुँ
६	मटिहानी शाखा, मटिहानी नगरपालिका-८, महोत्तरी	१३	वालिङ्ग शाखा, वालिङ्ग नगरपालिका-८, स्याङ्जा
७	लहान शाखा, लहान नगरपालिका-४, सिराहा	१४	बगर शाखा, पोखरा लेखनाथ महानगरपालिका-१, कास्की
८	बर्दिबास शाखा, बर्दिबास नगरपालिका-१, महोत्तरी	१५	मादी शाखा, मादी गाउँपालिका-३, कास्की
९	कल्याणपुर शाखा, कल्याणपुर नगरपालिका-१, सिराहा	१६	भिमाद शाखा, भिमाद नगरपालिका-६, तनहुँ
१०	करजन्हा शाखा, करजन्हा नगरपालिका-११, सिराहा	१७	कावासोती शाखा, कावासोती नगरपालिका-८, नवलपरासी पूर्व
११	गणेशमान चारनाथ शाखा, गणेशमान चारनाथ नगरपालिका-४, धनुषा	१८	बिरौटा शाखा, पोखरा लेखनाथ महानगरपालिका-१७, कास्की
१२	वृन्दावन शाखा, वृन्दावन नगरपालिका-६, रौतहट	१९	हेम्जा शाखा, पोखरा लेखनाथ महानगरपालिका-२५, कास्की
१३	माहुली शाखा, अग्निसाइर कृष्णासवरन गाउँपालिका-९, सप्तरी	२०	पर्स्यङ शाखा, पोखरा लेखनाथ महानगरपालिका-५, कास्की
१४	नगराइन शाखा, नगराइन नगरपालिका-३, धनुषा	२१	लामाचौर शाखा, पोखरा लेखनाथ महानगरपालिका-१९, कास्की
१५	चन्द्रपुर शाखा, चन्द्रपुर नगरपालिका-४, रौतहट	२२	कुश्मा शाखा, कुश्मा नगरपालिका-५, पर्वत
१६	ढल्केबार शाखा, मिथिला नगरपालिका-६, धनुषा	२३	बेसीसहर शाखा, बेसीसहर नगरपालिका-८, लम्जुङ
१७	हरिवन शाखा, हरिवन नगरपालिका-११, सर्लाही	२४	सिकलेस शाखा, मादी गाउँपालिका-१, कास्की
१८	मलंगवा शाखा, मलंगवा नगरपालिका-८, सर्लाही		**लुम्बिनी प्रदेश**
१९	लालबन्दी शाखा, लालबन्दी नगरपालिका-६, सर्लाही	१	बुटवल शाखा, बुटवल उपमहानगरपालिका-६, रुपन्देही
२०	निजगढ शाखा, निजगढ नगरपालिका-९, बारा	२	नेपालगंज शाखा, जानकी गाउँपालिका-१८, बाँके
२१	गोलबजार शाखा, गोलबजार नगरपालिका-६, सिराहा	३	भैरहवा शाखा, सिद्धार्थनगर नगरपालिका-१२, रुपन्देही
२२	कन्चनरुप शाखा, कन्चनरुप नगरपालिका-१, सप्तरी	४	पाल्पा शाखा, तानसेन नगरपालिका-८, पाल्पा
२३	कलैया शाखा, कलैया उपमहानगरपालिका-१, बारा	५	परासी शाखा, रामग्राम नगरपालिका-५, नवलपरासी पश्चिम
२४	सिमरा शाखा, जितपुर सिमरा उपमहानगरपालिका-५, बारा	६	घोराही शाखा, घोराही उपमहानगरपालिका-११, दाङ
२५	गौर शाखा, गौर नगरपालिका-५, रौतहट	७	कोहलपुर शाखा, कोहलपुर नगरपालिका-११, बाँके
	बाग्मती प्रदेश	८	ठाकुरद्वारा शाखा, ठाकुरबाबा नगरपालिका-९, बर्दिया
१	लाजिम्पाट शाखा, काठमाडौं महानगरपालिका-२, काठमाडौं	९	गुलरिया शाखा, गुलरिया नगरपालिका-२, बर्दिया
२	पुतलीसडक शाखा, काठमाडौं महानगरपालिका-२९, काठमाडौं	१०	मनिग्राम शाखा, तिलोत्तमा नगरपालिका-५, रुपन्देही
३	नक्साल शाखा, काठमाडौं महानगरपालिका-१, काठमाडौं	११	बर्दघाट शाखा, बर्दघाट नगरपालिका-४, नवलपरासी पश्चिम
४	नयाँ बानेश्वर शाखा, काठमाडौं महानगरपालिका-३, काठमाडौं	१२	तौलिहवा शाखा, कपिलवस्तु नगरपालिका-३, कपिलवस्तु
५	कुमारीपाटी शाखा, ललितपुर महानगरपालिका-५, ललितपुर	१३	चन्द्रौटा शाखा, शिवराज नगरपालिका-५, कपिलवस्तु
६	गोंगबु शाखा, टोखा नगरपालिका-२९, काठमाडौं	१४	लमही शाखा, लमही नगरपालिका-५, दाङ
७	चाबहिल शाखा, काठमाडौं महानगरपालिका-७, काठमाडौं	१५	तुलसीपुर शाखा, तुलसीपुर उपमहानगरपालिका-५, दाङ
८	थापाथली शाखा, काठमाडौं महानगरपालिका-११, काठमाडौं	१६	लुम्बिनी शाखा, लुम्बिनी साँस्कृतिक नगरपालिका-६,रुपन्देही
९	बालुवाटार शाखा, काठमाडौं महानगरपालिका-४, काठमाडौं		**कर्णाली प्रदेश**
१०	चापागाँउ शाखा, गोदावरी नगरपालिका-५, ललितपुर	१	सल्यान शाखा, शारदा नगरपालिका-१, सल्यान
११	ग्वार्को शाखा, ललितपुर महानगरपालिका-८, ललितपुर	२	डोल्पा शाखा, त्रिपुरासुन्दरी नगरपालिका-१, डोल्पा
१२	नयाँ ठिमी शाखा, मध्यपुर ठिमी नगरपालिका-४, भक्तपुर	३	जुम्ला शाखा, चन्दननाथ नगरपालिका-५, जुम्ला
१३	स्वयम्भु शाखा, नागार्जुन नगरपालिका-१५, काठमाडौं	४	खत्याड शाखा, खत्याड गाउँपालिका-४, मुगु
१४	पेप्सीकोला शाखा, काठमाडौं महानगरपालिका-३०, काठमाडौं	५	सुर्खेत शाखा, विरेन्द्रनगर नगरपालिका-६, सुर्खेत
१५	बौद्ध शाखा, गोकर्णेश्वर नगरपालिका-६, काठमाडौं		**सुदूरपश्चिम प्रदेश**
१६	कमलविनायक शाखा, भक्तपुर नगरपालिका-१०, भक्तपुर	१	धनगढी शाखा, धनगढी उपमहानगरपालिका-४, कैलाली
१७	न्यूरोड शाखा, काठमाडौं महानगरपालिका-२२, काठमाडौं	२	महेन्द्रनगर शाखा, भिमदत्त नगरपालिका-४, कंचनपुर
१८	गजुरी शाखा, गजुरी गाउँपालिका-१, धादिङ	३	विनायक शाखा, पञ्चदेवल विनायक नगरपालिका-३, अछाम
१९	नारायणगढ शाखा, भरतपुर महानगरपालिका-३, चितवन	४	मालिकाअर्जुन शाखा, मालिकाअर्जुन गाउँपालिका-३, दार्चुला
२०	बनेपा शाखा, बनेपा नगरपालिका-७, कोभ्रेपलान्चोक	५	डडेल्धुरा शाखा, अमरगढी नगरपालिका-५, डडेल्धुरा
२१	इच्छाकामना शाखा, इच्छाकामना गाउँपालिका-४, चितवन	६	अपिहिमाल शाखा, अपिहिमाल गाउँपालिका-४, दार्चुला
२२	कालिका शाखा, कालिका नगरपालिका-६, चितवन	७	ब्यास शाखा, ब्यास गाउँपालिका-४, दार्चुला
२३	हेटौडा शाखा, हेटौडा उपमहानगरपालिका-४, मकवानपुर	८	आईबीआरडी शाखा, पुनर्वास नगरपालिका-३, कंचनपुर
२४	कोटेश्वर शाखा, काठमाडौं महानगरपालिका-३०, काठमाडौं	९	खलंगा शाखा, महाकाली नगरपालिका-४, दार्चुला
२५	कुलेश्वर शाखा, काठमाडौं महानगरपालिका-१४, काठमाडौं	१०	लम्की शाखा, लम्कीचुहा नगरपालिका-१, कैलाली
२६	टाँडी शाखा, रत्ननगर नगरपालिका-१, चितवन	११	अत्तरीया शाखा, गोदावरी नगरपालिका-१, कैलाली
२७	त्रिशुली शाखा, बिदुर नगरपालिका-४, नुवाकोट		

५. संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :

संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास : माछापुच्छ्रे बैंक लिमिटेड मिति २०५४/११/०४ मा नेपाल सरकार, उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेडको रुपमा दर्ता भएको कम्पनी हो। साथै मिति २०५७/०६/१७ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न स्वीकृति प्राप्त गरी कम्पनीले मिति २०५७/०६/१७ गते देखि आफ्नो कारोबार सञ्चालन गर्दै आएको छ। साथै माछापुच्छ्रे बैंक लि. र स्टेण्डर्ड फाइनान्स लि. गाभिई कायम भएको "माछापुच्छ्रे बैंक लिमिटेड" लाई "क" वर्गको इजाजतपत्र प्राप्त संस्थाको रुपमा वित्तीय कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट मिति २०६९/०३/११ मा स्वीकृति प्राप्त गरि मिति २०६९/०३/२५ देखि माछापुच्छ्रे बैंक लिमिटेडको नामबाट कारोबार गर्दै आएको छ।

यस बैंकले विगत ५ वर्षमा वितरण गरेको लाभांशको विवरण बमोजिम रहेको छ।

क्र.सं.	आर्थिक वर्ष	बोनस शेयर	नगद लांभाश	हकप्रद शेयर
१	२०७२/७३	२०.७५%	१.०९%	१२%
२	२०७३/७४	९%	६%	-
३	२०७४/७५	-	१०%	-
४	२०७५/७६	५%	११%	-
५	२०७६/७७	७.०३%	३.३७%	-

वित्तीय परिसूचक

क्र.सं.	विवरण	२०७४/७५	२०७५/७६	२०७६/७७
१	प्रति शेयर आम्दानी रु.	१५.८१	२०.०६	१४.९६
२	प्रति शेयर नेटवर्थ रु.	१२८.५७	१३९.४९	१३६.९६
३	P/E Ratio	१३.२२%	१२.५३%	१४.७१%
४	अनिवार्य मौज्दात अनुपात (CRR) %	७.८१%	४.०८%	४.०५%
५	बैधानिक तरलता अनुपात (SLR) %	२३.८६%	१९.६६%	१८.०८%

उद्देश्य : नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही बैंकिङ्ग/वित्तीय कारोबार (बैंकिङ्ग व्यवसाय) गर्ने यस बैंकको मुख्य उद्देश्यहरू देहाय बमोजिम हुनेछ :
(क) बैंकको निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,
(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायिक रूपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुऱ्याउने,
(ग) उपलब्ध श्रम, सीप तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रूपमा संलग्न भई सहयोग पुऱ्याउने,
(घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने।

६. पूँजी संरचना सम्बन्धी जानकारी :

अधिकृत पूँजी : बैंकको अधिकृत पूँजी रु.१०,००,००,००,०००/- (अक्षरेपी दश अर्ब रुपैयाँ मात्र) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले १०,००,००,०००/- (दश करोड) थान शेयरमा विभाजन गरिएको छ।
जारी पूँजी : बैंकको जारी पूँजी रु.९,०५,३०,९४,६००/- (अक्षरेपी नौ अर्ब पाँच करोड तीस लाख चौरानब्बे हजार छ सय रुपैयाँ मात्र) रहेको छ जसलाई रु.१००/- का दरले ९,०५,३०,९४६ (नौ करोड पाँच लाख तीस हजार नौ सय छ्यालीस) थान शेयरमा विभाजन गरिएको छ।
चुक्ता पूँजी : बैंकको चुक्ता पूँजी रु.९,०५,३०,९४,६००/- (अक्षरेपी नौ अर्ब पाँच करोड तीस लाख चौरानब्बे हजार छ सय रुपैयाँ मात्र) रहेको छ जसलाई रु.१००/- का दरले ९,०५,३०,९४६ (नौ करोड पाँच लाख तीस हजार नौ सय छ्यालीस) थान शेयरमा विभाजन गरिएको छ।

७. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोहि अनुरुप):

ऋणपत्र निष्काशन पूर्व कम्पनीको शेयर पूँजीको संरचना :

समूह	शेयरधनीहरु	साधरण शेयर संख्या	पूँजी संरचना (%)	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	४६,१७०,७८२	५१	४६१,७०,७८,२००/-	शत प्रतिशत
ख	सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित)	४४,३६०,१६४	४९	४४३,६०,१६,४००/-	शत प्रतिशत
	जम्मा	९०,५३०,९४६	१००	९०५,३०,९४,६००/-	

ऋणपत्र निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको शेयर पूँजी र ऋणपत्र पूँजीको संरचना :

शेयर पूँजी :

विवरण	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत	कैफियत
रु.१००/- अंकित दरको ९,०५,३०,९४६ कित्ता शेयरहरु	९,०५,३०,९४,६००	शत प्रतिशत	

ऋण पूँजी :

विवरण	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
रु.१,०००/- अंकित दरको ३०,००,००० कित्ता ऋणपत्रहरु १०.२५% माछापुच्छ्रे डिबेञ्चर, २०८५	३,००,००,००,०००	शत प्रतिशत
रु.१,०००/- अंकित दरको ३०,००,००० कित्ता ऋणपत्रहरु ८.५०% माछापुच्छ्रे डिबेञ्चर, २०८७*	३,००,००,००,०००	

* यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको ऋणपत्र।

८. संस्थापक/संचालक सम्बन्धी जानकारी :

आधारभूत शेयरधनीहरुको विवरणः

क्र.सं.	नाम	पद	उमेर (वर्ष)	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	व्यावसायिक अनुभव
१	सुरेन्द्र महतो	संस्थापक	५०	नेपाली	करजन्हा, सिराहा	१,००,५३,९०३	मार्स्टस अफ सर्जरी (मेडिकल सर्जन)	• मेडिकेयर नेश्नल हस्पिटल एण्ड रिसर्च सेन्टर सञ्चालक (२०५७-हालसम्म) • अश्विन मेडिकल कलेट एण्ड हस्पीटल प्रा.लि. (सन २००७-हालसम्म) • ग्लोबल रोयल इन्भेष्टमेन्ट लि., हस्टन, टेक्सास, युएसए-उपाध्यक्ष (सन २००५-हालसम्म) • BELINVESTFARMA, MINSK, BELARUS, C.I.S. Commecial Director (from 2001 AD onwards till date)।
२	उपेन्द्र महतो	संस्थापक	६१	नेपाली	करजन्हा, सिराहा	८२,७१,७३९	पि.एच.डी.	• मेडिकेयर नेश्नल हस्पिटल एण्ड रिसर्च सेन्टर-सञ्चालक (२०५७-हालसम्म) • सानिमा बैंक लि.-संस्थापक (२०६१-हालसम्म) • सानिमा हाईड्रो प्रा.लि.-सञ्चालक (२०६३-हालसम्म) • कान्तिपुर टेलिभिजन नेटवर्क-सञ्चालक (२०५९-हालसम्म) • राम जानकी ईन्भेष्टमेन्ट प्रा.लि.-सञ्चालक (२०७१-हालसम्म) • सानिमा मिडील तमोर हाईड्रोपावर लि.-संस्थापक (२०७३-हालसम्म) • सानिमा हाईड्रो एण्ड ई. प्रा.लि.-संस्थापक (२०६५-हालसम्म) • अश्विन मेडिकल कलेट एण्ड हस्पिटल प्रा.लि. (सन २००७-हालसम्म) • रुबिन हाउजिङ्ग एण्ड इन्भेष्टमेन्ट प्रा.लि.-संचालक (२०६१-हालसम्म)।
३	प्रेम कुमारी के.सी.	संस्थापक	६०	नेपाली	पोखरा, कास्की	७९,२७,२२८	एस.एल.सी.	• गण्डकी हाईड्रो पावर डेभलपमेन्ट कं. प्रा.लि.-सञ्चालक (२०७१-हालसम्म) • सिक्लेस हाइड्रोपावर प्रा.लि.-सञ्चालक (२०६९-हालसम्म) • अपर सेती हाइड्रोपावर प्रा.लि.-सञ्चालक (२०७४-हालसम्म) • युनाईटेड इदि मार्दी हाइड्रोपावर प्रा.लि.-सञ्चालक (२०७३-हालसम्म) • आर.बि. हाइड्रोपावर प्रा.लि.-सञ्चालक (२०७३-हालसम्म)।
४	राम आशिस साहु सुडि	संस्थापक	८३	नेपाली	भैसिपाटी, ललितपुर	३८,३४,०९३	साधारण लेखपढ	• रुबिन हाउजिङ्ग एण्ड इन्भेष्टमेन्ट प्रा.लि.-अध्यक्ष (२०६१-हालसम्म)।
५	कृष्ण गोपाल श्रेष्ठ	संस्थापक	८१	नेपाली	ललितपुर	१८,६८,२२०	स्नाकोत्तर	• नेपाल प्लाष्टिक प्रा.लि.-अध्यक्ष (२०३४-हालसम्म)।
६	डा. धर्म राज श्रेष्ठ	संस्थापक	६८	नेपाली	पोखरा, कास्की	१८,३८,१५०	पि.एच.डी.	• नेपाल मेडिकल कलेज प्रा.लि.-संस्थापक (२०५४-हालसम्म) • कर्णाली एकेडेमी अफ हेल्थ साइन्स-संस्थापक (२०७१- हालसम्म)।
७	किरण के.सी.	संस्थापक	४१	नेपाली	मुस्ताङचोक, पोखरा	१३,४३,०९६	स्नाकोत्तर	• के.सी. कन्सट्रक्सन प्रा.लि.-अध्यक्ष (२०६४-हालसम्म) • युनाईटेड इदि मार्दी हाइड्रोपावर प्रा.लि.-सञ्चालक (२०७२-हालसम्म) • आर.बि. हाइड्रोपावर प्रा.लि.-सञ्चालक (२०७२-हालसम्म) • गण्डकी हाईड्रो पावर डेभलपमेन्ट कं. प्रा.लि.-सञ्चालक (२०७२-हालसम्म) • सिक्लेस हाइड्रोपावर प्रा.लि.-सञ्चालक (२०६९-हालसम्म) अपर सेती हाइड्रोपावर प्रा.लि.-सञ्चालक (२०७४-हालसम्म) • सिभिल हाइड्रोपावर प्रा.लि.-सञ्चालक (२०७१-हालसम्म)।
८	प्रकाश के.सी.	संस्थापक	४३	नेपाली	मुस्ताङचोक, पोखरा	१५,२७,८११	स्नाकोत्तर	• के.सी. बिल्डर डेभलपर प्रा.लि.-अध्यक्ष (२०६५-हालसम्म) • काभ्या श्री डेभल्पर्स एण्ड ट्रेडिङ्ग प्रा.लि.-अध्यक्ष (२०७४- हालसम्म) • हिम श्री फुड्स प्रा.लि.-सञ्चालक (२०७४- हालसम्म)
९	रोशन के.सी.	संस्थापक	३८	नेपाली	मुस्ताङचोक, पोखरा	१३,४३,०७८	एम.बि.ए.	• पोखरा बचत तथा ऋण सहकारी संस्था लि.-सञ्चालक (२०६६-२०७०) • भगवती हाइड्रोपावर डे. कं. प्रा.लि.- सञ्चालक (२०६९-हालसम्म) • सिक्लेस हाइड्रोपावर प्रा.लि.- सञ्चालक (२०७०-हालसम्म) • के.सी. कन्सट्रक्शन प्रा.लि.- सञ्चालक (२०६३-हालसम्म) • गण्डकी हाइड्रोपावर डे.कं. प्रा.लि.-सञ्चालक (२०७०-हालसम्म) • युनाईटेड इदि मार्दी हाइड्रोपावर प्रा.लि.-सञ्चालक (२०७२-हालसम्म) • सिभिल हाइड्रोपावर प्रा.लि.-सञ्चालक (२०७१-हालसम्म)
१०	गणेश बहादुर श्रेष्ठ	संस्थापक	७५	नेपाली	मैतिदेवी, काठमाडौं	१०,७४,४८१	प्रमाण पत्र तह	• जया प्याकेजिङ्ग-अध्यक्ष (२०५१-हालसम्म)
११	करण मोटर कम्पनी प्रा.लि.	संस्थापक	लागु नहुने	नेपाली	ललितपुर	१४,१९,९४६	लागु नहुने	लागु नहुने
१२	पिकेआर इन्भेष्टमेन्ट कं. लि.	संस्थापक	लागु नहुने	नेपाली	पोखरा	५९,४८,६३०	लागु नहुने	लागु नहुने

संचालकहरुको विवरणः

क्र.सं.	नाम	पद	उमेर (वर्ष)	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	व्यावसायिक अनुभव
१	डा.विरेन्द्र प्रसाद महतो	अध्यक्ष	४९	नेपाली	काठमाडौं जिल्ला का.म.न.पा. वडा नं ९ गौशाला, पिङ्गलास्थान	५,५१,६८३	पि.एच.डी. ईकोनोमिक्स	• राम जानकी ईन्भेष्टमेन्ट एण्ड पेट्रोलियम सप्लायर्स प्रा.लि.-सञ्चालक (२०६५-हालसम्म) • रिच फिल्ड डेभलोपर्स प्रा.लि.-सञ्चालक (२०६५-हालसम्म) • सिन्तेज इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.-सञ्चालक (२०६२-हालसम्म) • फुलकुमारी महतो मेमोरियल ट्रष्ट-सञ्चालक (२०६१- हालसम्म) • फुलकुमारी महतो मेमोरियल हस्पिटल-सञ्चालक (२०६५- हालसम्म)।
२	रोशन के.सी.	सञ्चालक	३८	नेपाली	मुस्ताङचोक, पोखरा	१३,४३,०७८	एम.बि.ए.	• पोखरा बचत तथा ऋण सहकारी संस्था लि.-सञ्चालक (२०६६-२०७०) • भगवती हाइड्रोपावर डे.क.प्रा.लि.-सञ्चालक (२०६९-हालसम्म) • सिक्लेस हाइड्रोपावर प्रा.लि.-सञ्चालक (२०७०-हालसम्म) • के.सी. कन्सट्रक्शन प्रा.लि.-सञ्चालक • २०६३-हालसम्म) • गण्डकी हाइड्रोपावर डे. कं. प्रा.लि.-सञ्चालक (२०७०-हालसम्म) • युनाईटेड इदि मार्दी हाइड्रोपावर प्रा.लि.-सञ्चालक (२०७२-हालसम्म) • सिभिल हाइड्रोपावर प्रा.लि.-सञ्चालक (२०७१-हालसम्म)।
३	मुकुन्द महत	स्वतन्त्र सञ्चालक	५३	नेपाली	नुवाकोट जिल्ला शिवपुरी गा.पा.-६ हाल का.जि.टोखा न.पा-४ धापासी	-	चार्टर्ड एकाउन्टेन्ट	• लेखा व्यवसायी-के.एम.यु. एण्ड एसोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्स • नेपाल राष्ट्र बैंकको विभिन्न पदमा ३० वर्षको कार्य अनुभव • ग्रामिण विकास लघुवित्त वित्तीय संस्था लि.को पूर्व संचालक।
४	जय मुकुन्द खनाल	सञ्चालक	५४	नेपाली	काठमाडौं जिल्ला का.म.न.पा.-४, बालुवाटार	१६०	एम.बि.ए.	• नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड-प्रमुख कार्यकारी अधिकृत (२०७७ पौष-हालसम्म) • सेन्टर फर इन्भारोमेन्टल एण्ड एग्रीकल्चरल पोलिसि रिसर्च एक्सटेन्सन एण्ड डेभलपमेन्ट (सिप्रड) मा-कार्यकारी प्रमुख (२०७३-२०७७ मंसिर) • नेपाल सरकार, रक्षा मन्त्रालय-सचिव (२०७२ मार्ग-२०७२ चैत्र) • नेपाल सरकार, उद्योग मन्त्रालय-सचिव (२०७१ फागुन-२०७२ मंसिर) • नेपाल सरकार, कृषि विकास मन्त्रालय-सचिव (२०६९ कार्तिक-२०७१ फागुन) • नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय-सचिव (२०६८ माघ-२०६९ कार्तिक) • नेपाल ट्रष्ट कार्यालय-सचिव (२०६८ श्रावन-२०६८ माघ) • क्षेत्रिय प्रशासन कार्यालय दिपायल-क्षेत्रिय प्रशासक (२०६८ बैशाख-२०६८ आषाढ) • जिल्ला प्रशासन कार्यालयहरु-प्रमुख जिल्ला अधिकारी (२०५९ मार्ग-२०६५ श्रावन)।
५	विश्व प्रकाश गौतम	सञ्चालक	४६	नेपाली	कास्की जिल्ला पोखरा महानगरपालिका-७, मुस्ताङ्गचोक	१,६५६	बी.बी.ए.	• पोखरा बचत तथा ऋण सहकारी संस्था लिमिटेड-पूर्व सञ्चालक • के.सी बिल्डर्स एण्ड डेभलपर्स प्रा.लि.-पूर्व सञ्चालक • युनाईटेड ईदी मर्दी-सञ्चालक • के.सी. कन्स्ट्रक्सन प्रा.लि.-सञ्चालक।
६	सृजना कार्की भट्टराई	सञ्चालक	३६	नेपाली	कास्की जिल्ला पोखरा महानगरपालिका-१७, ड्यामसाईड	१,४४१	एम.बि.ए.	• आर्बिन यति प्रा.लि.-प्रबन्ध निर्देशक • मात्रीशिशु मितेरी अस्पताल-व्यवस्थापक • बाल शिक्षा मोन्टेस्वरी-संस्थापक।

९. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

यस बैंकमा कम्तीमा एक जना महिला समेत ७ (सात) जनाको सञ्चालक समिति हुनेछ। सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ।

संस्थापक समूहका शेयरधनीहरुबाट निर्वाचित	३ (तीन) जना
सर्वसाधारण समूहका शेयरधनीहरुबाट निर्वाचित	३ (तीन) जना
स्वतन्त्र सञ्चालक	१ (एक) जना
जम्मा	७ (सात) जना

संचालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ।

बैंकको सञ्चालक पदमा नियुक्त हुनको लागि आफ्नो नाममा कम्तिमा १०० थान शेयर लिएको हुनु पर्नेछ। तर स्वतन्त्र सञ्चालक तथा विदेशी बैंक वा वित्तिय संस्था वा संगठित संस्थाले बैंकमा शेयर लगानी गरी सञ्चालक मनोनयन गरेको अवस्थामा त्यस्तो सञ्चालकले व्यक्तिगत हैसियतले त्यस्तो न्युनतम शेयर लिन आवश्यक हुने छैन।

१०. सकारात्मक पक्षहरु :

- निजी क्षेत्रको लगानीमा स्थापना तथा सञ्चालन गरिएको कम्पनी।
- ग्राहक सुहाउँदो आकर्षक सेवा तथा कार्यक्रम साथै संगठित संस्थाको परिकल्पना अनुरुप स्थानीय स्तरमा सरल, सुलभ र सहज ढंगले आधुनिक तथा प्रविधियुक्त बैंकिङ्ग प्रणालीको विकास गर्न सकेको।
- आर्थिक, राजनीतिक र प्रतिस्पर्धी बैंकिङ्ग व्यवसाय सुहाउँदो रणनीति अवलम्बन गरी व्यवसाय विस्तार गर्न सफल रहेको।

११. सञ्चालन अवधि तीन बर्ष व्यतित भई सकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतित भई नसकेको अवस्थामा संचालन अवधिभरको लेखा परीक्षण भएको वासलात, नाफा-नोक्सान सहितको संक्षिप्त विवरण :

वासलात (रु.लाखमा)

विवरण	एकिकृत			बैंक		
	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६	आ.व. २०७६/०७७	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६	आ.व. २०७६/०७७
सम्पत्ति						
नगद तथा नगद समान	२३,६४१.९१	९४,४२९	९७,७८०.३३	२३,६४१.९१	९४,४२९	९७,७८०.३३
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनु पर्ने वक्यौता	७०,९६६.०८	३२,२६९.६२	४५,५२०.०१	७०,९६६.०८	३२,२६९.६२	४५,५२०.०१
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	१३,९५३.०४	१४,५८०.३४	८११.३६	१३,९५३.०४	१४,५८०.३४	८११.३६
डेरिभेटिभ वित्तीय उपकरण	-	७२५.९७	६७४.१६	-	७२५.९७	६७४.१६
अन्य व्यापारिक सम्पत्तिहरु	२,५२०.५९	३,५८६.९५	२,१२०.१९	२,५२०.५९	३,५८६.९५	२,१२०.१९
बैंक तथा वित्तीय संस्थालाई दिएको कर्जा	१७,९८३.८८	२४,४०१.६६	२४,७११.५४	१७,९८३.८८	२४,४०१.६६	२४,७११.५४
ग्राहकलाई कर्जा तथा सापटी	६२४,१७२.१८	७५०,९५७.७४	९२५,२९२.२७	६२४,१७२.१८	७५०,९५७.७४	९२५,२९२.२७
धितोपत्रमा लगानी	७७,३२१.३४	१०३,०६०.७८	११९,३९९.१३	७७,३२१.३४	१०३,०६०.७८	११९,३२४.१३
चालु कर सम्पत्ति	२,००३.७२	२,०८७.३३	२,७५८.७९	२,००३.७२	२,०९९.७७	२,७५८.०८
सहायक कम्पनीमा लगानी	-	-	-	-	२,०००	२,०००
सम्बद्ध कम्पनीमा लगानी	-	-	-	-	-	-
सम्पत्तिमा लगानी	२४८.७१	७८४.५८	१,७४९.४७	२४८.७१	७८४.५८	१,७४९.४७
सम्पत्ति तथा उपकरण	८,७७९.८४	११,२२९.३४	१३,४४५.५१	८,७७९.८४	११,२२९.३४	१३,३५८.०४
गुडवील (ख्याती) र अमूर्त सम्पत्ति	४५४.३९	४९०.०६	६५७.०६	४५४.३९	४९०.०६	६५१.२७
स्थगन कर सम्पत्ति	-	२१४.२४	३५१.२९	-	२१४.२४	३५२.३५
अन्य सम्पत्ति	५,८३०.८१	११,६२९.४२	८,०९८.१०	५,८३०.८१	११,६३०.४२	८,०९२.४७
कुल सम्पत्ति	८४७,८७६.४८	१,०५०,४४७.०२	१,२४३,३६९.२२	८४७,८७६.४८	१,०५२,४६०.४६	१,२४५,१९५.६९
दायित्व						
बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी	१३,३२३.४७	६३,६१८.३७	२६,४९४.८२	१३,३२३.४७	६३,६१८.३७	२६,४९४.८२
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी	६,३७८.०२	१०,२०५.२४	१३७.२४	६,३७८.०२	१०,२०५.२४	१३७.२४
डेरिभेटिभ वित्तीय उपकरण	१.१६	-	-	१.१६	-	-
ग्राहकको निक्षेप दायित्व	७११,४२३.७३	८४९,९०९.८०	१,०३९,०००.३७	७११,४२३.७३	८५१,९८४.०२	१,०४०,९८९
सापटी	-	-	१२,०२५	-	-	१२,०२५
चालु कर दायित्व	-	-	-	-	-	-
व्यवस्था	७.४०	-	-	७.४०	-	-
स्थगन कर दायित्व	१४२.२०	-	-	१४२.२०	-	-
अन्य दायित्व	१३,०३१.७८	१४,२८४.३०	१८,२५७.१६	१३,०३१.७८	१४,२८४.११	१८,२३१.३९
जारी गरिएको ऋणपत्र	-	-	३१,४७१.२२	-	-	३१,४७१.२२
सुरक्षण नराखिएको सहायक आवधिक दायित्व	-	-	-	-	-	-
कुल दायित्व	७४४,३०७.७६	९३८,०१७.७२	१,१२७,३८५.८१	७४४,३०७.७६	९४०,०९१.७५	१,१२९,३४८.६६
पूँजी						
शेयर पूँजी	८०,५५६.९३	८०,५५७.९३	८४,५८४.७८	८०,५५६.९३	८०,५५६.९३	८४,५८४.७८
शेयर प्रिमियम	३०८.८२	३०८.८२	३०८.८२	३०८.८२	३०८.८२	३०८.८२
संचित मुनाफा	८,०७७.५९	१२,९९५.२६	९,९४९.०५	८,०७७.५९	१२,९३४.६७	९,८१२.६६
जगेडा कोषहरु	१४,६२५.३८	१८,५६८.३०	२१,१४०.७७	१४,६२५.३८	१८,५६८.३०	२१,१४०.७७
शेयरधनीहरुलाई बाँडफाँड योग्य कूल पूँजी	१०३,५६८.७२	११२,४२९.३०	११५,९८३.४२	१०३,५६८.७२	११२,३६८.७२	११५,८४७.०३
गैर नियन्त्रित स्वार्थ (Non Controlling Interest)	-	-	-	-	-	-
कुल पूँजी	१०३,५६८.७२	११२,४२९.३०	११५,९८३.४२	१०३,५६८.७२	११२,३६८.७२	११५,८४७.०३
जम्मा दायित्व र पूँजी	८४७,८७६.४८	१,०५०,४४७.०२	१,२४३,३६९.२२	८४७,८७६.४८	१,०५२,४६०.४६	१,२४५,१९५.६९

नाफा-नोक्सान हिसाब (रु.लाखमा)

विवरण	एकिकृत			बैंक		
	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६	आ.व. २०७६/०७७	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६	आ.व. २०७६/०७७
व्याज आम्दानी	७७,६६३.५६	१०१,७७५.२३	११३,५३१.८१	७७,६६३.५६	१०१,७७५.२३	११३,५२८.८९
व्याज खर्च	५०,२६५.५७	६६,१८७.४८	७४,७२८.९७	५०,२६५.५७	६६,२७७.६७	७४,९०९.९०
खुद व्याज आम्दानी	२७,३९७.९९	३५,५८७.७५	३८,८०२.८३	२७,३९७.९९	३५,४९७.५६	३८,६१८.९९
शुल्क तथा कमिशन आम्दानी	४,९१०.६९	७,९०५.१९	९,४८१.५८	४,९१०.६९	७,९०५.१९	९,४७४.८६
शुल्क तथा कमिशन खर्च	५१५.६९	६९९.७५	१,००६.७०	५१५.६९	६९९.७५	१,००६.७०
खुद शुल्क र कमिशन आम्दानी	४,३९५	७,२०५.४४	८,४७४.८८	४,३९५	७,२०५.४४	८,४६८.१६
खुद व्याज, शुल्क र कमिशन आम्दानी	३१,७९२.९९	४२,७९३.१९	४७,२७७.७१	३१,७९२.९९	४२,७०३	४७,०८७.१५
खुद कारोबार आम्दानी	१,६६८.०३	३,०३३.३२	२,८२१.६४	१,६६८.०३	३,०३३.३२	२,८२१.६४
अन्य संचालन आम्दानी	९०.३४	२८१.३९	७०१.२९	९०.३४	२८१.३९	७०१.२९
जम्मा संचालन आम्दानी	३३,५५१.३६	४६,१०७.९०	५०,८००.६५	३३,५५१.३६	४६,०१७.७०	५०,६१०.०९
कर्जा जोखिमको व्यवस्था/(फिर्ता) तथा अन्य नोक्सानी	१,५२७.३६	१,१७१.७१	५,८७९.२४	१,५२७.३६	१,१७१.७१	५,८७९.२४
खुद संचालन आम्दानी	३२,०२४	४४,९३६.१९	४४,९२१.४१	३२,०२४	४४,८४५.९९	४४,७३०.८५
संचालन खर्च						
कर्मचारी खर्च	८,७४६.४०	१२,३०३.८१	१५,०५८	८,७४६.४०	१२,३०३.८१	१५,०२९.१०
अन्य संचालन खर्च	४,१९४.९०	७,२३९.१४	८,९३०.९३	४,१९४.९०	७,२३५.५०	८,८८४.३७
ह्रास कट्टी र परिशोधन	१,०००.१३	१,३०३.८६	१,६१७.७९	१,०००.१३	१,३०३.८६	१,६१२.६३
संचालन मुनाफा	१८,०८२.५८	२४,०८९.३८	१९,३१४.६९	१८,०८२.५८	२४,००२.८२	१९,२०४.७४
गैर संचालन आम्दानी	३१.२०	१,२१९.०३	८०.६९	३१.२०	१,२१९.०३	८०.६९
गैर संचालन खर्च	१४.४८	९४८.९२	६७५.२०	१४.४८	९४८.९२	६७५.२०
आयकर अघिको मुनाफा	१८,०९९.३०	२४,३५९.४९	१८,७२०.१८	१८,०९९.३०	२४,२७२.९३	१८,६१०.२३
आयकर खर्च	५,६०२.४२	७,३२८.०२	५,९९२.८७	५,६०२.४२	७,३०२.०५	५,९५८.७२
चालु कर	५,५८८.६७	७,६३५.०९	६,१५८.३४	५,५८८.६७	७,६०९.१२	६,१२५.२५
स्थगन कर	१३.७५	(३०७.०७)	(१६५.४७)	१३.७५	(३०७.०७)	(१६६.५२)
यस अवधिको मुनाफा	१२,४९६.८८	१७,०३१.४७	१२,७२७.३१	१२,४९६.८८	१६,९७०.८८	१२,६५१.५१
नाफा बाँडफाँड	-	-	-	-	-	-
बैंकको शेयरधनी	१२,४९६.८८	१७,०३१.४७	१२,७२७.३१	१२,४९६.८८	१६,९७०.८८	१२,६५१.५१
गैर नियन्त्रित स्वार्थ (Non Controlling Interest)	-	-	-	-	-	-
यस अवधिको मुनाफा	१२,४९६.८८	१७,०३१.४७	१२,७२७.३१	१२,४९६.८८	१६,९७०.८८	१२,६५१.५१

आगामी तीन बर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाब तथा नेटवर्थ सम्बन्धी विवरण :

वासलात (रु. लाखमा)

विवरण	अपरिष्कृत	प्रक्षेपित		
	चैत मसान्त २०७७	आ.व.२०७७/७८	आ.व.२०७८/७९	आ.व.२०७९/८०
सम्पत्ति				
१. नगद तथा नगद समान	६७,८८८.०१	१४९,३९६.४७	१७५,०५२.०७	२००,७५१.८३
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनु पर्ने बक्यौता	४०,६३९.०८	५०,०७२.०२	५५,०७९.२२	६०,५८७.१४
३. बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	३३,५०६.२४	१,०१४.२०	१,३१८.४६	१,७१३.९९
४. डेरिभेटिभ वित्तीय उपकरण	-	६७४.१६	६७४.१६	६७४.१६
५. अन्य व्यापारिक सम्पत्तिहरु	५३७.९२	२,३३२.२१	२,५६५.४३	२,८२१.९७
६. बैंक तथा वित्तीय संस्थालाई दिएको कर्जा	३८,६४६.४६	२६,१९४.२४	२७,७६५.८९	२९,४३१.८४
[illegible]	[illegible]	[illegible]	[illegible]	[illegible]

नाफा-नोक्सान हिसाब

विवरण	अपरिष्कृत	प्रक्षेपित		
	चैत मसान्त २०७७	आ.व.२०७७/७८	आ.व.२०७८/७९	आ.व.२०७९/८०
[illegible]	[illegible]	[illegible]	[illegible]	[illegible]
४. शुल्क तथा कमिशन खर्च	७४०.७५	१,०८२.४३	१,१९०.६८	१,३०९.७४
खुद शुल्क र कमिशन आम्दानी	८,२८८.०८	११,४१९.८३	१३,८१२.०४	१५,७९३.३६
खुद ब्याज, शुल्क र कमिशन आम्दानी	३९,९१९.९८	५३,७४६.३३	६१,१२०.८८	७२,३४०.२५
५. खुद कारोबार आम्दानी	१,८८६.९०	३,०२९.१६	३,९३७.९०	४,७२५.४८
६. अन्य सञ्चालन आम्दानी	७५०.२२	८५७.२५	१,११४.४२	१,३३७.३१
जम्मा सञ्चालन आम्दानी	४२,५५७.०९	५७,६३२.७३	६६,१७३.२१	७८,४०३.१०
७. कर्जा जोखिमको व्यवस्था/(फिर्ता) तथा अन्य नोक्सानी	१,५८१.३१	२,६३२.०९	२,०००	२,२००
खुद सञ्चालन आम्दानी	४०,९७५.७९	५५,०००.६४	६४,१७३.२१	७६,२०३.१०
सञ्चालन खर्च				
८. कर्मचारी खर्च	१३,६७३.६४	१७,६६४.३४	२०,०४६	२३,३६७.३२
९. अन्य सञ्चालन खर्च	६,४६५.५७	९,७२०.४२	१०,५९५.२६	११,५४८.८०
१०. ह्रास कट्टी र परिशोधन	१,३८९.३४	१,९०२.२८	२,०९२.५१	२,३०१.७६
सञ्चालन मुनाफा	१९,४४७.२४	२५,७१३.६०	३१,४३९.४४	३८,९८५.१३
११. गैर सञ्चालन आम्दानी	९६.०४	९०.९४	-	-
१२. गैर सञ्चालन खर्च	१,०१५.९२	१०३६.७९	-	-
आयकर अघिको मुनाफा	१८,५२७.३६	२४,७६७.७५	३१,४३९.४४	३८९८५.१३
आयकर खर्च	५,६२१.२३			
१३. चालु कर	६,१३६.५७	७,२५७.०६	९,४३१.८३	११,६९५.५४
१४. स्थगन कर	(५१५.३४)	-	-	-
यस अवधिको मुनाफा	१२,९०६.१३	१७,५१०.७०	२२,००७.६१	२७,२८९.६०

*२०७७ चैत्र मसान्तको लेखापरीक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण।

वित्तीय प्रक्षेपणका आधारहरु

विवरण	प्रक्षेपित		
	आ.ब.०७७/०७८	आ.ब.०७८/०७९	आ.ब.०७९/०८०
खुद नाफा/कर्जा तथा सापट (%)	१.४७%	१.५९%	१.७०%
खुद नाफा/कुल सम्पत्ति (%)	१.१२%	१.२१%	१.२९%
कुल कर्जा/निक्षेप (%)	८८.४७%	८९.७३%	८९.२०%
कुल सञ्चालन खर्च/कुल सम्पत्ति (%)	१.७५%	१.६८%	१.६५%
पूँजीकोषको अनुपात (CAR) %	११.६९%	१३.११%	१२.६०%
अनिवार्य मौज्दात अनुपात (CRR) %	३.७%	३.५%	३.३%
वैधानिक तरलता अनुपात (SLR) %	२४.९८%	२५.४६%	२५.४४%
कुल कर्जा/निक्षेप र पूँजी	८२.८८%	८४.३०%	८४.१३%
प्रति शेयर आम्दानी	१९.३४	२२.१०	२५.१४
प्रति शेयर नेटवर्थ	१४४.१६	१५३.१५	१६४.७३
निक्षेप वृद्धि	२८.९८%	१५.२०%	१६.५३%
अचल सम्पति वृद्धि	५%	५%	५%
ऋणपत्रमा ब्याज	८.५%	८.५%	८.५%
सञ्चालन खर्चमा वृद्धि	१५%	९%	९%
कर्मचारी खर्चमा वृद्धि	२५%	११%	१५%

माथि उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको विगतका वर्षहरुको कारोबारको वृद्धि, भावी योजनाहरु एवम् शाखा सञ्जाल विस्तार गर्ने रणनीति, हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित श्री पी.डी. कार्की एण्ड एसोशियट, चार्टर्ड एकाउन्टेन्ट्सबाट भएको छ। बैंकले कर्जा निक्षेप अनुपात, सञ्चालन खर्च वृद्धिदर, अनिवार्य नगद मौज्दात, वैधानिक तरलता अनुपात तथा पूँजीकोष अनुपातका साथै नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड अनुरुप कायम गरी वित्तीय विवरणको प्रक्षेपण गरेको हो।

संगठित संस्थाको सञ्चालन अवधि तीन वर्ष व्यतित भइसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS), प्रति शेयर नेटवर्थ तथा नेटवर्थमा औसत प्रतिफल :

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.ब.०७४/०७५	आ.ब.०७५/०७६	आ.ब.०७६/०७७	आ.ब.०७७/०७८	आ.ब.०७८/०७९	आ.ब.०७९/०८०
प्रति शेयर आम्दानी रु.	१५.८१	२०.०६	१४.९६	१९.३४	२२.१०	२५.१४
प्रति शेयर नेटवर्थ रु.	१२८.५७	१३९.४९	१३६.९६	१४४.१६	१५३.१५	१६४.७३
नेटवर्थ औसत प्रतिफल	१२.३०%	१४.३८%	१०.९२%	१३.४२%	१४.४३%	१५.२६%

विगत तीन वर्षको नेटवर्थमा भएको औषत प्रतिफलः १२.५३%

नोटः प्रक्षेपित वित्तीय विवरण बैंक आफैले NFRS बमोजिम तयार पारेको हो र सो वित्तीय विवरणहरु श्री पी.डी. कार्की एण्ड एसोशियट, चार्टर्ड एकाउन्टेन्ट्सबाट प्रमाणित भएको छ।

१२. अन्तर्निहित जोखिम तथा सो को व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :

(क) **वित्तीय साधनको अभाववाट हुने जोखिम :**
- कर्जा लगानीमा अप्ठ्यारो पर्ने र सम्पूर्ण निक्षेपकर्ता एकै पटक निक्षेप रकमको भुक्तानी माग गर्न आएमा भुक्तानी दिन समस्या पर्ने जोखिम।

(ख) **कच्चा पदार्थको अभाववाट हुने जोखिम :** सो नभएको।
(ग) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिमः**
- हाल विश्वभर देखिएको कोभिड १९ महामारी तथा यस्ता अप्रत्याशित रुपमा सृजना हुने परिस्थितीको कारणले अर्थतन्त्रमा सृजना हुने जोखिमहरु।
- बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा प्राप्ति वा गाभिएर उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु।
- वित्तीय संस्थाले प्रदान गरिने कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु।
- निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धिको जोखिम :** सो नभएको।
(ङ) **विदेशी विनिमयको जोखिम :**
- विदेशी विनिमय कारोबार गर्दा विनिमय दरमा हुने थपघटबाट हुन सक्ने जोखिमहरु रहेको।

(च) **कानुनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :** सो नभएको।
(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**
- अन्तराष्ट्रिय बजारको आर्थिक मन्दीले प्रत्यक्ष असर वित्तीय क्षेत्रमा पर्न सक्ने भएकोले सोबाट हुन सक्ने जोखिमहरु।
- पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्न सक्ने जोखिमहरु।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**
- देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु।
- देशको वैदेशिक नीतिमा हुन सक्ने परिवर्तनबाट उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु।
- नेपाल सरकार तथा अन्य नियमन निकायहरुको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुन सक्ने सम्भावित जोखिमहरु।

(झ) **सञ्चालन अनुभवको अभाव :**
- यस कम्पनीले आफ्नो कारोबार विगत बाइस वर्ष देखी सञ्चालन गरेको हुँदा कम्पनीमा सञ्चालन अनुभवको अभाव नभएको।

(ञ) **प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम :**
- बैंकिङ्ग प्रविधि परिवर्तन भई थप खर्च बढ्न सक्ने र प्रविधि परिवर्तन अनुसार कर्मचारीहरु अभ्यस्त नभई कार्य सम्पादन गर्न कठिनाई हुन सक्ने।

(ट) **अन्य :**
आन्तरिक र व्यवसायसंग सम्बन्धित जोखिमहरु :
- मुद्रास्फितिको कारणले संचालन लागतमा हुने वृद्धिको असर।
- बैंकबाट प्रदान गरिने दीर्घकालिन, मध्यकालिन, चालु पूँजी जस्ता कोषमा आधारित कर्जा तथा प्रतितपत्र, जमानत पत्र जारी गर्ने जस्ता गैह्रकोषीय सेवाहरु उपलब्ध गराउँदा हुन सक्ने सम्भावित जोखिमहरु।
- निक्षेप तथा कर्जा लगानी व्याज दरमा हुने परिवर्तन बाट असर पर्ने जोखिमहरु।
- समयमा कर्जा असुली नभै उत्पन्न हुने आर्थिक जोखिमहरु।
- बैंकले प्रयोगमा ल्याएको Finacle Banking Software मा तकनिकी गडबडीले हुन सक्ने जोखिम।
- मुख्य कर्मचारीहरुले छोड्दा हुन सक्ने जोखिम।

नियन्त्रण भन्दा बाहिरसंग सम्बन्धित जोखिमहरु :
- नेपाल राष्ट्र बैंकको नीति निर्देशनमा हुने परिवर्तनले उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु।
- नेपाल सरकारले बैंक तथा वित्तीय संस्था सम्बन्धी नीति निर्देशन तथा मौद्रिक नीतिमा परिवर्तन गर्दा सिर्जना हुन सक्ने सम्भावित जोखिमहरु।
- बिदेशी विनिमय कारोवार गर्दा विनिमय दरमा हुने परिवर्तनबाट हुन सक्ने जोखिमहरु।
- देशको अस्थीर राजनैतिक स्थितिका कारण हुन सक्ने जोखिमहरु।
- देशको आर्थिक अवस्थामा आउने उतार चढाव बाट उत्पन्न हुन सक्ने जोखिमहरु।

कोभिड सम्बन्धी जोखिमहरु :
- विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरसको कारण विश्व र देशको अर्थतन्त्रको साथै बैकिङ्ग क्षेत्रको विकासमा समेत असर पर्न सक्ने।
- कोभिड-१९ को कारण समय समयमा जारी भएको निषेधाज्ञाका कारण बैंकिङ्ग कारोबारमा कमी आउन सक्ने।
- कोभिड-१९ को कारणबाट आर्थिक गतिविधि ठप्प हँदा कर्जा लगानी तथा निक्षेप संकलनमा प्रतिकुल असर पार्न सक्ने।
- कोभिड-१९ महामारीका कारण ऋण तथा ब्याज असुली समयमै हुन नसक्ने र निष्कृय कर्जा वृद्धि हुन सक्ने।
- ऋण तथा ब्याज असुलीमा हुन सक्ने ढिलाइका कारण कर्जा जोखिम व्यवस्था बढ्न सक्ने र सो को प्रतिकुल असर नियमनकारी कोष वृद्धि हुने हुँदा बैंकको पूँजी पर्याप्त अनुपातमा असर पर्न सक्ने।
- अन्य स्वास्थ्य सम्बन्धी कारणले हुन सक्ने जोखिमहरु।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :
माछापुच्छ्रे बैंक लिमिटेडले अन्तर्निहित तथा भविष्यमा आउन सक्ने विभिन्न जोखिमहरु (कर्जा, बजार संचालन आदी) को पहिचान, अनुगमन तथा व्यवस्थापन गर्नेछ। नेपाल राष्ट्र बैंकको निर्देशन तथा बैंकको नीति नियमको अधिनमा रहि आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाई विभिन्न जोखिमहरु व्यवस्थापन गरि बैंकलाई उत्कृष्ट एवं सबल रुपमा संचालन गरि लगानीकर्ताहरुको हितको संरक्षणका लागि आवश्यक नीति, कार्यविधिहरु बनाई लागू गरेको छ। यसका साथै, बैंकमा रहेको जोखिम व्यवस्थापन विभागले स्वतन्त्र रुपमा जोखिमलाई प्रभावकारी रुपमा नियन्त्रण तथा व्यवस्थापन गर्ने कार्य गर्नुका साथै समय समयमा जोखिम नियन्त्रणको क्षेत्रमा भए गरेका कार्यहरुको पुनरावलोकन समेत गर्ने गरेको छ। कर्जासँग सम्बन्धित जोखिमहरु, कुनै पनि व्यवसायहरु गर्दा सामना गर्नुपर्ने अन्य अन्तर्निहित जोखिमहरु लगायत बजार र तरलता, कार्य संचालन, व्यवस्थापन र प्रतिष्ठा जस्ता बैंकको व्यवसायसँग सम्बन्धित जोखिमहरुलाई बैंकले जोखिम व्यवस्थापन संरचनाद्वारा सतर्कतापूर्वक व्यवस्थापन गर्ने गरेको छ। जोखिम व्यवस्थापनका लागि बैंकले अवलम्बन गरेका सिद्धान्तहरु निम्न उल्लेखित छन् :
- जोखिम र प्रतिफल बीच सन्तुलन।
- अनुशासित र संयमित जोखिम वहन।
- अख्तियारप्राप्त समिति तथा व्यक्तिहरुको स्विकृती पश्चात् मात्र जोखिम ग्रहण तथा सो को व्यवस्थापनका लागि उचित संरचना तथा साधनहरुको उपलब्धता।
- भावी जोखिमहरुको पूर्वानुमान तथा जोखिमहरुको उपयुक्त जानकारी।
- प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धिका लागि जोखिमहरुको कुशल तथा प्रभावकारी व्यवस्थापन एवं नियन्त्रण।
- बैंकले निरन्तर रुपमा प्रविधि परिवर्तनबाट सिर्जित हुन सक्ने जोखिमहरुलाई मध्यनजर गरि आवश्यक तालिम तथा विज्ञहरुको सुझावहरु समय समयमा लिईरहेको।

बैंकले जोखिम नियन्त्रणको क्षेत्रमा अवलम्वन गरेका माथि उल्लेखित नीति एवं उपायहरु पर्याप्त नहुन सक्दछन् यसर्थ उल्लेखित विधिहरुले बैंकको जोखिमलाई पूर्ण रुपमा निर्मुल पार्न नसकेता पनि न्यूनिकरण गर्न सफल हुने विश्वास लिएका छौं।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :
रु.१,०००/- प्रति ऋणपत्रको दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबारले ऋणपत्र मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

१३. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :

(क) **यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको "८.५०% माछापुच्छ्रे डिबेञ्चर, २०८७" सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :**
(अ) ***ऋणपत्र निष्काशनको शर्त, बन्देजहरु*** ऋणपत्र निष्काशन सम्बन्धी शर्त र बन्देज यस विवरणपत्रको बुँदा नम्बर १०(छ) मा छ।
(आ) ***ऋणपत्रको अवधि (Maturity Period) :*** यस ऋणपत्रको अवधि ऋणपत्रको बाँडफाँड भएको दिनबाट १० (दश) वर्षको हुनेछ। सो अवधि पश्चात् कम्पनीले यस ऋणपत्रको साँवा र अन्तिम किस्ताको तिर्न बाँकी ब्याज रकम एकमुष्ट भुक्तानी गर्नेछ।
(इ) ***निष्काशन गरिने ऋणपत्रको रकम :*** दश वर्ष अवधि तथा वार्षिक ८.५ प्रतिशत व्याजदर भएको प्रति डिबेन्चर रु.१,०००/- अंकित मूल्यका १२ लाख डिबेन्चरले हुन आउने कुल रु.१ अर्ब २० करोड ऋणपूँजी रकम (५% अर्थात ६०,००० कित्ता सामूहिक लगानी कोषका लागि छुट्टयाईएको) सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशनबाट बिक्री गरिने तथा १८ लाख कित्ता डिबेन्चरले हुन आउने कुल रु.१ अर्ब ८० करोड ऋणपूँजी रकम विभिन्न व्यक्ति तथा संघ संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने।
(ई) ***ऋणपत्र साधारण शेयरमा परिवर्तन हुने वा नहुने :*** यस विवरणपत्र अनुसार निष्काशन गरिने ऋणपत्र १० (दश) वर्षको अवधि पश्चात् एकमुष्ट रुपमा फिर्ता गरिने भएकाले उक्त ऋणपत्र साधारण शेयरमा परिणत नहुने।
(उ) ***ऋणपत्रको ब्याजदर (Coupon Interest Rate) र ब्याज भुक्तानी गर्ने अवधि/समय (Interest Payment Period) :*** यस ऋणपत्रको वार्षिक ब्याजदर ८.५०% हुनेछ। यस ऋणपत्रमा आर्जित ब्याज रकममा आयकर ऐन अनुसार कर लाग्नेछ। ऋणपत्रमा आर्जित ब्याज रकम ऋणपत्र बाहकहरुलाई प्रत्येक आर्थिक वर्षको प्रथम अर्धवार्षिक (पौष मसान्त) र दोश्रो अर्धवार्षिक (आषाढ मसान्त) समाप्त भए पश्चात् भुक्तानी दिइनेछ। बैंकको कारणले ब्याज भुक्तानीको विषयमा भएको व्यवस्थाको पालना नभए बैंकलाई थप आर्थिक दायित्व लागू हुन सक्नेछ। तर बन्द, हडताल, कर्फ्यु, लगायत कुनै पनि किसिमका दैवी प्रकोपका कारणले बैंकले भुक्तानी दिन नसकेमा बैंकको जिमेवारी हुने छैन। यदि खाता अद्यावधिक नभएको, संचालनमा नआएको, रोक्का भएको वा अन्य कुनै कारणले उल्लेखित खातामा ब्याज रकम पठाउन नसकिएमा पनि बैंक जिम्मेवार हुने छैन।

बैंकले यस ऋणपत्रबाट आर्जित ब्याज रकम ऋणपत्रवालाहरुको डिम्याट खातामा उल्लेख गरिएको बैंक खातामा भुक्तानी गर्नेछ। ऋणपत्रबालाले निवेदन लेखेर सम्बन्धित बैंक खातामा जम्मा गरिदिनु भन्ने आएमा सम्बन्धित बैंक खातामा जम्मा गरिदिनेछ।
(ऊ) ***ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) सम्बन्धी व्यवस्था :*** बैंकले ऋणपत्रलाई निर्धारित १० वर्षको समयावधिमा फिर्ता भुक्तानी गर्नका लागि "ऋणपत्र भुक्तानी जगेडा कोष" (Debenture Redemption Reserve) को व्यवस्था गर्नेछ। ऋणपत्रको अवधिमा बैंकको भुक्तानी योग्य मुनाफाबाट ऋणपत्र निष्काशन भएको दोस्रो वर्षदेखि ८ बर्षसम्म वार्षिक रु.३७,५०,००,०००/- को दरले हुने रकम ऋणपत्र भुक्तानी जगेडा कोषमा रकमान्तर गर्नेछ। बैंकले कुनै आर्थिक बर्षमा चाहेअनुरुप नाफा आर्जन गर्न नसकेमा समेत सो कोषमा रकमान्तर गर्नुपर्ने रकम संचित मुनाफाबाट छुट्याउनेछ। नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार बैंकले DRR सिर्जना गर्न सक्नेछ।
(ए) ***ऋणपत्रवालाहरुको अधिकार :*** यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र खरिद गर्ने ऋणपत्रवालाहरुलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम ऋणपत्रवालालाई प्राप्त हुने सम्पूर्ण हक, सुविधा प्राप्त हुनेछ। तर त्यस्ता ऋणपत्रवालाहरुलाई साधारण सभामा उपस्थित हुने तथा मतदान गर्ने अधिकार हुने छैन।

(ख) **संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको हक सम्बन्धी विवरण :** यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण (Unsecured Debt) भएको र कथंकदाचित बैंक टाटपल्टिएमा अन्य सुरक्षित साहू र निक्षेपकर्ता भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण (Subordinated Debt) भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रवालाको कुनै निर्दिष्ट हक (Specific Charge) अधिकार हुने छैन। यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रवालाको बैंकको सम्पत्तिमा द्वितीय हक हुनेछ। बैंकको सम्पत्तिमा निक्षेपकर्ताको प्रथम हक लाग्नेछ।

(ग) **ट्रष्टीको नाम, ठेगाना तथा ट्रष्टी र कम्पनी बीच भएको सम्झौता (Trustee Deed) को प्रमुख बुँदाहरु :** ऋणपत्र निष्काशन गर्दा ट्रष्टी नियुक्त गर्नु पर्ने व्यवस्था अनुरुप मिति २०७७/१२/२० मा सम्झैता भई निम्नानुसार ऋणपत्र ट्रष्टीको व्यवस्था गरिएको छ।
(अ) ***ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको नाम तथा ठेगाना :*** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं रहेको छ।
(आ) ***ऋणपत्र ट्रष्टी भए बापत लिने सेवा शुल्क :*** यस विवरणपत्र मार्फत सर्वसाधारणमा तथा व्यक्तिगत तवरबाट विभिन्न व्यक्ति तथा संघ संस्थाहरुलाई बिक्री गरिने ऋणपत्रको ट्रष्टीको रुपमा नियुक्त श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौंलाई निजले उक्त सेवा प्रदान गरे बापत वार्षिक रु.१०,०००/- (अक्षरेपी दश हजार रुपैंयाँ मात्र) रकम ट्रष्टी सेवा उपलब्ध गराएको समयावधिका लागि सेवा शुल्कको रुपमा दिइनेछ।
(इ) ***ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले तोकेको सम्पर्क व्यक्तिको नाम तथा पद योग्यता तथा अनुभव :*** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले उक्त कम्पनीको मर्चेन्ट बैंकिङ्ग विभागमा सुश्री मनिषा दाहाललाई सम्पर्क व्यक्तिको रुपमा तोकेको छ। सुश्री दाहाल एम.बि.ए. सम्मको शैक्षिक योग्यता र करिब ४ वर्ष भन्दा बढिको वित्तीय क्षेत्रको कार्यानुभव हासिल गर्नु भएको छ।
(ई) ***ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र समाधान गर्ने सम्बन्धमा गरेको व्यवस्था :*** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र सो को समाधान गर्ने सम्बन्धमा तोकिएको सम्पर्क व्यक्ति मार्फत वा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको कार्यालय मार्फत आवश्यक व्यवस्था गरेको छ। साथै गुनासाहरु लिखित रुपमा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा जम्मा गराउनु पर्नेछ।
(उ) ***ऋणपत्र निष्काशन गर्ने बैंक र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ बमोजिम सम्झौता भएको कुरा :*** ऋणपत्र निष्काशन गर्ने कम्पनी र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुरुप सम्झौता गरिएको छ।
(ऊ) ***ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप भएको कुरा :*** ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप गरिएको छ।
(ए) ***ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको कुरा :*** ऋणपत्र ट्रष्टी र कम्पनी बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको छ।
(ऐ) ***ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा सो उपलब्ध गराउने सम्बन्धमा गरिएको व्यवस्था :*** ऋणपत्र ट्रष्टी र कम्पनी बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा ऋणपत्र ट्रष्टी वा कम्पनीको रजिष्टर्ड कार्यालयमा वा निष्काशन तथा बिक्री प्रबन्धकको रजिष्टर्ड कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी हेर्न वा जान्न सकिने व्यवस्था गरिएको छ। ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी, श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं रहेको छ।
(ओ) ***अन्य :***
- ऋणपत्र ट्रष्टीले ऋणपत्रवालाहरुको हित संरक्षण गर्ने।
- कम्पनीले ऋणपत्र ट्रष्टीलाई आफ्नो वित्तीय कारोबारको परिष्कृत आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र अनिवार्य रुपमा पठाउनु पर्ने।
- ऋणपत्र ट्रष्टीले कम्पनीले स्थापना गरेको ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserve) को अनुगमन गर्ने।
- कम्पनीले पुनः अर्को ऋणपत्र निष्काशन गर्नु परेमा ऋणपत्र ट्रष्टीको पूर्व स्वीकृति लिनु पर्ने।

(घ) **परिवर्तनशील ऋणपत्र जारी गरिने भएमा ऋणपत्रको परिवर्तन अनुपात, मूल्य, प्रिमियम तथा परिवर्तन मिति, मताधिकारको व्यवस्था :** सो नभएको।
(ङ) **ऋणपत्र जारी गर्नुको उद्देश्य तथा सम्पन्न हुने कार्य योजना :**
- ऋणपत्र जारी गर्नुको मुख्य उद्देश्य बैंकको व्यवसाय विस्तार गर्न आवश्यक दीर्घकालीन पूँजी संकलन गर्नु र बैंकको पूरक पूँजीकोष (Supplementary Capital) वृद्धि गर्नु रहेको छ।

(च) **जारी पूँजी चुक्ता भएको/नभएको :** जारी पूँजी सम्पूर्ण चुक्ता भएको।
(छ) **यस भन्दा अगाडी जारी भएको ऋणपत्रको विवरण :**
१) **१०.२५% माछापुच्छ्रे डिबेन्चर २०८५ को विवरणः**

नाम :	१०.२५% माछापुच्छ्रे डिबेन्चर २०८५
ब्याज :	१०.२५% वार्षिक ब्याजदर, ६/६ महिनामा भुक्तानी गरिने
प्रकार :	Unsecured and Redeemable at Maturity. No call / convertible feature
संख्या :	३०,००,०००(तीस लाख मात्र)
ऋणपत्रको प्रति शेयर मुल्य :	रु.१०००/-
डिबेञ्चर अवधि :	१० वर्ष

(ज) **नेपाल राष्ट्र बैंकले डिबेन्चर जारी गर्नका लागि दिएको शर्तहरु : -**
नेपाल राष्ट्र बैंकले डिबेन्चर जारी गर्नका लागि दिएका शर्तहरु निम्नानुसार रहेका छन्।
(१) प्रस्तावित ऋणपत्र कुनै पनि सुरक्षण नराखी निष्काशन गर्नुपर्ने।
(२) ऋणपत्रको अवधि १० वर्षको हुने।
(३) ऋणपत्रको वार्षिक ब्याजदर ८.५० प्रतिशत हुनुपर्ने, ऋणपत्रमा प्रदान गरिने ब्याज अर्धवार्षिक रुपले ६/६ महिना (साउन १ र माघ १ गते) मा भुक्तानी गर्नुपर्ने, ब्याजदर परिवर्तन गर्न नपाइने र आर्जित ब्याज रकममा आयकर ऐन अनुसार आयकर लाग्ने व्यवस्था गर्नुपर्ने।
(४) बैंक विघटन भएको अवस्थामा ऋणपत्रको भुक्तानी निक्षेपकर्ता भन्दा पछि मात्र हुने।
(५) ऋणपत्र बाँडफाँड भएको मितिले ६ महिना भित्रमा नेपाल स्टक एक्सचेन्जमा सुचिकृत गर्नुपर्ने।
(६) माछापुच्छ्रे बैंक लिमिटेड बाहेक अन्य बैंक तथा वित्तीय संस्थाबाट उक्त ऋणपत्र धितो राखी ऋण लिन सकिने व्यवस्था गर्नुपर्ने।
(७) ऋणपत्र निष्काशन गर्नु अघि विवरणपत्र यस बैंकमा दर्ता गरी प्रकाशन गर्नुपर्ने।
(८) ऋणपत्रको रकम भुक्तानी गर्न सिर्जना गरिने पूँजी फिर्ता गरी जगेडा कोष (Capital Redemption Reserve) को व्यवस्था गर्न निम्नानुसार कोष सिर्जना गरेको हुनु पर्ने।
  (क) निष्काशन गरिएको आर्थिक वर्ष र भुक्तानी हुने आर्थिक वर्ष त्यस्तो भुक्तानी कोष (Redemption Reserve) मा कुनै रकम विनियोजन नगरे पनि हुने,
  (ख) भुक्तानी अवधि बाँकी रहेसम्म त्यसपछिका प्रत्येक वर्ष वार्षिक मुनाफाबाट कम्तीमा समानुपातिक (Proportionate) आधारमा रकम छुट्याउनु पर्ने,
  (ग) खण्ड (ख) बमोजिम समानुपातिक आधारमा छुट्याउनु पर्ने रकम भन्दा बढी रकम छुट्याउने भएमा कुन आर्थिक वर्षमा कति रकम छुट्याउने हो स्पष्ट उल्लेख गर्नु पर्ने। तर, यस बैंकले तोकेको न्यूनतम चुक्ता पूँजी पुरा गर्ने प्रयोजन बाहेकको अवस्थामा संस्थाले कुनै आर्थिक वर्षमा ५ पूर्ण आर्थिक वर्ष भन्दा बढी भुक्तानी अवधी बाँकी रहेको ऋणपत्र बापत भुक्तानी कोषमा जम्मा गर्नु पर्ने रकम बराबर बोनस शेयर जारी गरेमा सो आर्थिक वर्षमा भुक्तानी कोष (Capital Redemption Reserve) मा रकम जम्मा गर्न अनिवार्य हुने छैन। तर, सो वर्षमा जम्मा गर्नु पर्ने रकम उक्त वर्ष पश्चातका आर्थिक वर्षहरुमा थप गरी समानुपातिक आधारमा अनिवार्य रुपमा उक्त कोषमा जम्मा गर्नु पर्ने छ।
(९) Private Placement को आधारमा बिक्री गरिने ऋणपत्रको सम्बन्धमा कुनै संघ/संस्थासंग अग्रीम सम्झौता भएको भए सो सम्झौताको प्रमाणित प्रतिलिपि यस बैंकमा पेश गर्नुपर्ने,
(१०) यदि कुनै पक्षले सो पक्षलाई छुट्याएको ऋणपत्र खरिद नगरेमा सो ऋणपत्र अर्को पक्षलाई खरीद गर्ने व्यवस्था गर्नुपर्ने।
(११) ऋणपत्रमा आवेदन गर्ने प्रत्येक आवेदकलाई निजले आवेदन गरेको रकममा आवेदन गरेको मितिदेखि बाँडफाँड हुने दिनसम्मको अवधिका लागि प्रचलित बजारको दरले खण्डित अवधिको ब्याज (Broken Period Interest) प्रदान गर्नु पर्ने र सो विषय विवरणपत्रमा स्पष्ट उल्लेख गर्नु पर्ने।

(झ) **अन्य :**
- यो ऋणपत्र माछापुच्छ्रे बैंक लिमिटेड बाहेक अन्य बैंक वा वित्तीय संस्थामा धितो राखी ऋण लिन सकिनेछ।
- निष्काशित ऋणपत्र खरिद गर्ने ऋणपत्रवालाहरुलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम प्राप्त हुने सम्पूर्ण हक, सुविधा प्राप्त हुनेछ। तर साधारण सभामा उपस्थित हुने तथा मतदान गर्ने अधिकार भने रहने छैन।
- यस ऋणपत्रलाई साधारण शेयरमा परिवर्तन गर्ने वा Cumulate गर्ने विशेषता नरहेको।
- निष्काशित जम्मा रु.३,००,००,००,०००/- (रु. तीन अर्ब मात्र) ऋणपत्र मध्ये रु.१,८०,००,००,०००/- (रु. एक अर्ब असी करोड मात्र) बराबरको ऋणपत्र व्यक्तिगत तवरबाट र रु.१,२०,००,००,०००/- (रु. एक अर्ब बीस करोड मात्र) बराबरको ऋणपत्र सर्वसाधारणमा निष्काशन गरिनेछ। एउटा समूहको ऋणपत्रको लागि निष्काशन अवधिभित्र पूर्ण रुपमा माग नआएको खण्डमा सो समूहको ऋणपत्र अर्को समूहमा हस्तान्तरण हुने प्रावधान रहेको छ।
- कथंकदाचित बैंक टाटपल्टेमा यस विवरणपत्र मार्फत् निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताहरु भन्दा पछाडि मात्र हुनेछ।

१४. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौमा सुश्री मनिषा दाहाललाई ०१-४४११६०४ मा सम्पर्क गर्न सकिनेछ।

१५. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

ऋणपत्र निष्काशन गरी प्राप्त हुने पूँजी कम्पनी ऐन, नेपाल राष्ट्र बैंक ऐन तथा अन्य प्रचलित कानूनको अधिनमा रही बैंकको व्यवसायिक प्रयोजनमा उपयोग गरिनेछ। जसलाई देहाय अनुसार उल्लेख गरिएको छ।

क.सं.	कर्जा शिर्षक	प्रतिशत	रकम रु.
१	कर्जा तथा सापटी	८०%	२,४०,००,००,०००/-
२	लगानी	१०%	३०,००,००,०००/-
३	शाखा विस्तार	५%	१५,००,००,०००/-
४	अन्य	५%	१५,००,००,०००/-
	जम्मा	१००%	३,००,००,००,०००/-

१६. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सुचीकरण सम्बन्धी व्यवस्था :

(अ) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :** यस विवरणपत्र मार्फत जारी गरिएको ऋणपत्र जारी संख्या भन्दा बढी संख्यामा ऋणपत्र खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार ऋणपत्रहरु बाँडफाँड गरिनेछ र ऋणपत्र बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ। यदि निष्काशन गरिएको ऋणपत्रको संख्या भन्दा कम ऋणपत्र खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था तथा निर्देशन बमोजिम सञ्चालक समितिले निर्णय गरी बिक्री वितरण तथा बाँडफाँड गरिनेछ।
(आ) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :** "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप सि-आस्वा (C - ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट मात्र आवेदन दिन सकेनेछ र आवेदकहरुको सम्बन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरिदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिदिनेछ।
(इ) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :** उपरोक्त व्यवस्था सि-आस्वा (C - ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा लागु हुने छैन। तर व्यक्तिगत तवर (Private Placement) बाट आवेदन गर्ने आवेदकहरुलाई निजले आवेदन गरेको रकममा नगद बुझाएको सन्दर्भमा नगद जम्मा भएको मिति तथा चेकको सन्दर्भमा क्लियरिङ भई नगद जम्मा भएको दिन देखि ऋणपत्रको बाँडफाँड हुने दिनसम्मको अवधिका लागि बैंकको प्रचलित ब्याजको दरले खण्डित अवधिको ब्याज हिसाब गरी ब्याज दिइनेछ र सो ब्याज बापतको रकम बैंकले ऋणपत्रवालाहरुको डिम्याट खातामा उल्लेख गरेको बैंक खातामा वा ऋणपत्रवालाले तोकेको बैंक खातामा भुक्तानी गर्नेछ।
(ई) **धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रक्रया र समयावधि :** निष्काशन गरिने ऋणपत्र प्रचलित धितोपत्र निष्काशन निर्देशिका तथा प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार ऋणपत्रको बाँडफाँड गरी तोकिएको समयावधि भित्र डिम्याट खातामा जम्मा गरिनेछ।
(उ) **धितोपत्र सूचीकरण भईसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोबार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरणः** बैंकको हाल कायम रहेको ९,०५,३०,९४६ कित्ता साधारण शेयर र ३०,००,००० कित्ता बराबरको "१०.२५% माछापुच्छ्रे डिबेन्चर २०८५" नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण भईसकेको छ। यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भए पश्चात नियमानुसार सूचीकरण गरिने छ।
(ऊ) **धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरिद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ सम्बन्धी व्यवस्था अनुसार ऋणपत्रको बाँडफाँड गरे पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचिलित व्यवस्था अनुसार सूचीकरण तथा दर्ता गराई ऋणपत्र खरिद तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाईनेछ।

१७. आवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरु :

क) **धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रक्रया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरणः** धितोपत्रवालाको अधिकार तथा प्रतिवन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, धितोपत्रवालाको अधिकारमा परिवर्तन नगर्न प्रकृया तथा धितोपत्र खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ/गरिनेछ।
साथै यस विवरणपत्र अनुसार निष्काशन गरिएको ऋणपत्र खरिदको लागि आवेदन गरी ऋणपत्र बाँडफाँड भए पश्चात् कायम ऋणपत्रवालाहरुले कम्पनीको साधारण सभामा भाग लिन र मतदान गर्न पाउने छैनन्।
ख) **नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरणः**
१. बैंकको प्रबन्धपत्र तथा नियमावली रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, एमबिएल टावर, लाजिम्पाट, काठमाडौंमा र यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौंको कार्यालयमा सम्पर्क राखी प्राप्त गर्न सकिने छ।
२. प्रत्येक आवेदकले कम्तीमा २५ कित्ता र अधिकतम ५,००,००० कित्ता ऋणपत्र खरिदका लागि आवेदन दिनुपर्नेछ। न्यूनतम कित्ता भन्दा बढि कित्ताका लागि आवेदन गर्न चाहेमा १ अङ्कले भाग जाने संख्यामा अधिकतम ५,००,००० कित्ताको सिमा भित्र आवेदन गर्न सकिनेछ।
३. यस विवरणपत्र मार्फत निष्काशन गरिने डिबेन्चर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्त साथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र बापत रु.१,०००/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको सि-आस्वा (C - ASBA) सदस्य रहेको बैंक तथा वित्तीय संस्थामा जम्मा गरी आवेदन दिन सक्नेछन्।

ग) **आवेदन दिँदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानका लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**
सर्वसाधारण तर्फबाट आवेदन दिँदा पालना गर्नुपर्ने शर्त तथा बन्देजहरु :
१. कुनै पनि नेपाली नागरिक तथा संगठित संस्थाले यस विवरणपत्र अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिन सक्नेछन्।
२. दरखास्त दिँदा सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्था मार्फत आवेदन फारम बुझाउनु पर्नेछ र सोही संस्थाबाट उपलब्ध गराईने आवेदन फारममा उल्लेखित सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ। सो सम्बन्धी अन्य प्रकृया तथा शुल्क सम्बन्धी व्यवस्था सम्बन्धित सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचना पाटी, वेबसाईट वा राष्ट्रियस्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरी तोकेबमोजिम हुनेछ।
३. आवेदकहरुले आवेदन दिँदा आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय रहेको हुनुहुँदैन।
४. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको ऋणपत्रको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा निजका सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।
५. रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई ऋणपत्र बाँडफाँडमा समावेश गरिने छैन र सोको जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ।
६. धितोपत्र खरिदको लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई रद्द गर्ने हुँदा सो कुराको जानकारी आवेदक स्वयंले बुझ्नु पर्नेछ।
७. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढि रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ। यस अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा बढि रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।

व्यक्तिगत तवर (Private Placement) को हकमाः
(अ) ***निष्काशन गरिने ऋणपत्र संख्या :*** दश वर्ष अवधि तथा वार्षिक ८.५ प्रतिशत व्याजदर भएको प्रति डिबेन्चर रु.१,०००/- अंकित मूल्यका १८ लाख कित्ता डिबेन्चरले हुन आउने कुल रु.१ अर्ब ८० करोड ऋणपूँजी रकम विभिन्न व्यक्ति तथा संघ संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने छ।
(आ) ***लिनुपर्ने न्यूनतम ऋणपत्र संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :*** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा २५ र सोभन्दा बढिका लागि आवेदन गर्न चाहेमा १ अङ्कले भाग जाने संख्यामा दरखास्त साथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र बापत रु.१,०००/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरु तथा बिक्री प्रबन्धक श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडमा जम्मा गरी आवेदन दिन सक्नेछन्।
(इ) ***ऋणपत्र बिक्री खुल्ला अवधि :*** यस निष्काशन व्यक्तिगत तवरबाट गरिने भएकोले धितोपत्र बोर्डबाट स्वीकृति पश्चात् खुल्ला हुनेछ र सार्वजनिक निष्काशनसँगै बन्द हुनेछ।
(ई) ***ऋणपत्र खरिदका लागि पूर्ण आवेदन प्राप्त नभई बाँकी रहन गएका ऋणपत्रहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :*** ऋणपत्र खरिद खुल्ला अवधिमा सम्पूर्ण ऋणपत्र बिक्री नभई बाँकी रहन गएमा त्यसरी बाँकी रहन गएका ऋणपत्रहरुको सर्वसाधारण समूहबाट खरिद गर्ने व्यवस्था गरिनेछ।
(उ) ***ऋणपत्र खरिद गर्न चाहने आवेदकहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :***
१. कुनै पनि नेपाली नागरिक तथा संघ संस्थाले यस विवरणपत्र अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिन सक्नेछन्। आवेदकले आफुले लिन चाहेको ऋणपत्र, अधिकतम सिमा खुल्ने गरी यस बैंकको बिक्री प्रबन्धकलाई लिखित रुपमा निवेदन पेश गर्नुपर्ने छ।
२. आवेदन दिँदा आफुले खरिद गर्न चाहेको ऋणपत्र संख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ।
३. आवेदन फारम नेपाली वा अंग्रेजी कुनै एक भाषामा पेश गर्नुपर्नेछ।
४. आवेदकले आवेदनसाथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु.१,०००/- को दरले हुन आउने रकम बराबरको नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको नाममा खिचिएको एकाउण्ट पेयी चेक संलग्न गरेको हुनुपर्नेछ। यसरी चेक मार्फत रकम बुझाउनु हुने आवेदकहरुले आवेदनमा सो चेकको नम्बर र चेकको पछाडि आवेदकको नाम अनिवार्य रुपमा खुलाउनु पर्नेछ। यसको अलावा, आवेदकले नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको नाममा A/C Transfer गरी Credit Advice निवेदनको साथमा संलग्न पनि गर्न सक्नेछ।
५. कम्पनी वा संस्थाले ऋणपत्रका लागि आवेदन दिँदा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि र लगानी गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय समावेश गरेको हुनुपर्नेछ।
६. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढि रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनु पर्नेछ। यस अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा बढि रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।

१८. विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :

क्र.स.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं, वेबसाइट : www.nabilinvest.com.np
२.	माछापुच्छ्रे बैंक लिमिटेड, लाजिम्पाट, काठमाडौं, वेबसाइट : www.machbank.com

क्र.सं.	दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान
१.	सि-आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु।

व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने हकमा बिक्री प्रवन्धकले बैंकसंगको सहमतीमा खरिदकर्ताहरु खोजी गरि आपसि सहमतीमा वितरण गरिने छ।

१९. धितोपत्र बिक्री खुल्ला अवधि :

यस विवरणपत्र मार्फत निष्काशन गरिएको ऋणपत्रको लागि आवेदन दिने अवधि कम्तीमा ४ कार्य दिन तथा अधिकतम १५ दिनको लागि हुनेछ।

२०. निष्काशन बैंक (Bankers to the Issue) :

निष्काशित ऋणपत्रहरुको लागि निष्काशन बैंक (Banker to the Issue) को रुपमा श्री माछापुच्छ्रे बैंक लिमिटेड, लाजिम्पाट, काठमाडौं रहने छ।

निष्काशन तथा बिक्री प्रबन्धकः

NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)
नबिल इन्भेष्टमेन्ट बैंकिंङ्ग लिमिटेड
तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं, फोनः ४४११६०४, ४४११७३३, फ्याक्सः ४४१०५५४
Email: info@nabilinvest.com.np, Url: www.nabilinvest.com.np